# फोहोरमैला व्यवस्थापन केन्द्र माग्दै गुहार



लमही (बुटवल टुडे) पुस २१ पुस- राप्ती गाउँपालिकाले फोहोरमैला व्यवस्थापन केन्द्र पुनः सञ्चालनका लागि लुम्बिनी प्रदेश सरकारसँग आवश्यक सहयोगको माग गरेको छ। सोमबार गाउँपालिका अध्यक्ष प्रकाश विष्टको नेतृत्वमा गएको कार्यपालिका सदस्यहरूको टोलीले लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यलाई भेटी केन्द्र पुनः सञ्चालनका लागि सहयोग माग गर्दै मागपत्र बुझाएको हो।

गाउँपालिकाका अनुसार बढ्दो जनसंख्या र तीव्र शहरीकरणका कारण फोहोरमैला व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ। यसै सन्दर्भमा गाउँपालिकाले विगत दुई वर्षदेखि शून्य फोहोर अवधारणामा आधारित फोहोरमैला व्यवस्थापन केन्द्र स्थापना गरी सञ्चालन गर्दै आएको थियो। उक्त केन्द्रमार्फत फोहोर संकलन, वर्गीकरण तथा प्रशोधन कार्यका साथै प्लास्टिकजन्य फोहोरबाट इन्टरलक टायल उत्पादनसमेत हुँदै आएको थियो। तर हालै केन्द्रमा भएको आगलागीका कारण त्यहाँ रहेका भौतिक संरचना, मेसिन तथा उपकरणमा क्षति पुगेपछि फोहोरमैला संकलन तथा व्यवस्थापन कार्य प्रभावित भएको गाउँपालिकाले जनाएको छ।

मागपत्र बुझाउँदै गाउँपालिका अध्यक्ष प्रकाश विष्टले फोहोरमैला व्यवस्थापन वातावरणीय संरक्षण र जनस्वास्थ्यसँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएको उल्लेख गर्दै केन्द्रलाई तत्काल पुनः सञ्चालनमा ल्याउन आवश्यक रहेको बताए। उनले सरसफाइ केन्द्र पुनः सञ्चालनका लागि आवश्यक उपकरण खरिद तथा संरचना निर्माणमा प्रदेश सरकारको सहयोग अपरिहार्य रहेको धारणा व्यक्त गरे। अध्यक्ष विष्टका अनुसार केन्द्र पुनः सञ्चालनका लागि मिक्स्चर, एग्लो टायल मेसिन, इन्टरलक मेसिन, स्लग मेसिन, कूलिङ मेसिनलगायतका उपकरण खरिद गर्नुका साथै केही भौतिक संरचना निर्माण गर्नुपर्ने अवस्था छ।

यसका लागि करिब १ करोड ६६ लाख ८० हजार रूपैयाँ बराबरको सहयोग आवश्यक रहेको विवरणसहित मुख्यमन्त्रीसमक्ष मागपत्र पेश गरिएको हो। मागपत्र बुझ्दै मुख्यमन्त्री चेतनारायण आचार्यले सरसफाइ व्यवस्थापन पालिकाको मात्र दायित्व नभई प्रदेश सरकारको समेत जिम्मेवारी भएको उल्लेख गरे। उनले कानुनले दिएको सीमाभित्र रहेर खर्च शीर्षक परिवर्तन गरेर भए पनि आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

# मुक्तिनाथ एग्री फाइनान्स ३६० कार्यक्रम

बुटवल (बुटवल टुडे), २१ पुस- मुक्तिनाथ विकास बैंकले मुक्तिनाथ एग्री फाइनान्स ३६० कार्यक्रम सम्पन्न गरेको छ। बैंकको २०औं वर्ष प्रवेशको अवसरमा बैंकले कृषि क्षेत्रमा लगानी बिस्तार, उत्पादकत्व वृद्धि र किसानको दिगोपना अभिवृद्धि गर्ने उद्देश्यले एग्री फाइनान्स ३६० को आयोजना गरेको थियो। कार्यक्रममा बोल्दै कृषि तथा पशुपंक्षी विकास मन्त्री डा. मदन परियारले नेपाल सरकारको तर्फबाट कृषि क्षेत्रको समग्र विस्तार गर्न सबै सरोकारवालाहरूमा उत्प्रेरणात्मक वातावरण निर्माण हुनुपर्नेमा जोड दिए।

यसै सन्दर्भमा कृषि लगानी विस्तार तथा कर्जा गुणस्तर सुदृढ बनाउन क्रेडिट ग्यारेन्टी, वित्तीय साक्षरता, कृषि बीमा, मूल्य शृंखलामा समन्वय, सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमकिता दिने नीति र योजना बनाउन सकेमा मात्र कृषि क्षेत्रको ठोस विकास हुन सक्ने बारेमा प्रकाश पारे। उनले महिला मैत्री कृषिको विकास गरिनु पर्ने, कृषिलाई प्रविधिसँग जोडेर युवा लक्षित स्वरोजगारीको व्यवस्था गर्नु पर्ने, साना किसानहरूलाई वित्तीय पहूँच अझै विस्तार गर्नु पर्ने र साना किसानहरूलाई स्तरोन्नति गर्ने कार्यमा हामी सबैले कदम चाल्नु पर्नेमा जोड दिए।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सचिव डा. राजेन्द्र प्रसाद मिश्रले पहिले राज्य आफैले कृषि क्षेत्र विकासको लागि मूल्य श्रृङ्खला विकास गर्ने प्रयास गरेको भएपनि सरकारले निजीकरणको नीतिगत व्यवस्थापछि निजी क्षेत्रले आआफ्नै तवरले कार्य गर्न थालेको बताए। त्यसो हुँदा पूर्ण मूल्य श्रृङ्खला तोडिन पुगेको र अब बैंक तथा वित्तीय संस्थाहरूले नै कृषि सम्बन्धी आफ्नै सहायक कम्पनीहरू खोल्न सुझाव दिए।

उक्त कार्यक्रममा बैंकिङ्ग विशेषज्ञ अजय श्रेष्ठले "नेपालमा कृषि उद्यम लगानीको चुनौती र अवसरहरू" विषयमा प्रस्तुति दिएका थिए। उनले कृषि ऋणमा उच्च जोखिम, कमजोर कर्जा गुणस्तर, उत्पादनशीलता र मूल्य शृंखलामा संरचनागत कमजोरीलाई प्रमुख चुनौतीका रूपमा औंल्याए। हालको तथ्याङ्कले कृषि उत्पादकत्व खासै बढ्न नसकेको तर वृद्धिको लागि धेरै सम्भावनाहरू रहेको भन्दै अन्य देशको डाटालाई तुलना गरी प्रस्तुत गरेका थिए। सोही कार्यक्रममा प्यानल छलफलको पनि आयोजना गरिएको थियो। प्यानल छलफल "नेपाल कृषि उद्यमहरूमा कसरी फस्टाउन सक्छ?" शीर्षकमा भएको थियो।

उक्त छलफलको बैंकिङ्ग विशेषज्ञ भुवन दाहालले सहजीकरण गरेका थिए भने वक्ताको रूपमा नेपाल राष्ट्र बैंक, नियमन विभावका कार्यकारी निर्देशक रामु पौडेल, कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङ्ग, नेपाल उद्योग वाणिज्य महासंघ, कृषि उद्यम केन्द्रका अध्यक्ष डिबि बस्नेत, तथा कृषक तथा कृषि उद्यमी बिमला आचार्य दाहाल थिए।

कार्यक्रममा नेपाल सरकारको कृषि सम्बन्धी निकायहरू, कृषि क्षेत्रमा कार्य गर्ने गैरसरकारी संस्थाहरू, नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा कृषि कर्जा प्रमुख, कृषि गर्ने बीमा कम्पनीहरू, विश्वविद्यालयका कृषि विषयका प्राध्यापकहरू तथा अनुसन्धानकर्ताहरू, कृषि बजार केन्द्र, निजी क्षेत्र, कृषि सहकारी, कृषि उद्यमी, विज्ञलगायत करिब ३५० जनाको सहभागिता रहेको थियो। बैंकको सञ्चालक समितिका अध्यक्ष खिम प्रकाश मल्लको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रममा बैंकका सञ्चालक उमेश कुमार आचार्यले स्वागत गरेका थिए भने सारसंक्षेप टिप्पणी प्रमुख कार्यकारी अधिकृत प्रद्युमन पोखरेलले गरेका थिए। उक्त कार्यक्रममा कृषि सचिव राजेन्द्र प्रसाद मिश्र, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक विश्रुत थापा र नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरु प्रसाद पौडेलले बोलेका थिए।

# 'सिटिजन्स सन्तुलित योजना' सार्वजनिक

बुटवल (बुटवल टुडे), २१ पुस- सिटिजन्स क्यापिटल लिमिटेड योजना व्यवस्थापक तथा डिपोजिटरी र सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड कोष प्रवर्द्धक रहेको सिटिजन्स म्युचुअल फण्ड अन्तर्गत संचालन हुने रु. १ अर्ब आकारको चौथो बन्दमुखी योजना "सिटिजन्स सन्तुलित योजना" को इकाई बिक्री गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त भई योजनाको सार्वजनिक निष्काशन तथा बिक्री सम्झौता भएको छ।

पुस ४ गतेदेखि १८ गतेसम्म खुल्ला गरिएकोमा प्रारम्भिक विवरण अनुसार सो अवधि भित्र सर्वसाधारण तथा संस्थागत लगानीकर्ताहरूबाट १ अर्ब २५ करोड भन्दा बढी अर्थात माग गरे भन्दा २५ प्रतिशत बढी रकमका लागि आवेदन पर्न गएको छ।

साथै सिटिजन्स क्यापिटल लिमिटेडबाट संचालन हुने यस योजनामा बढी आवेदन प्राप्त भएका म्युचुअल फण्ड मध्ये एक हुन सफल भएको छ। यस योजनाप्रति आम लगानीकर्ताहरूको आकर्षण तथा उल्लेखनिय सहभागिताले सिटिजन्स क्यापिटल लिमिटेड नेपालको पुँजी बजारमा एउटा दक्ष, व्यावसायिक तथा विश्वसनीय संस्थाको रूपमा स्थापित रहेको प्रतिबिम्बित भएको छ।

सिटिजन्स बैंक इन्टरनेशनल लि. को सहायक कम्पनीको रूपमा रहेको यस कम्पनीमा कर्मचारी संचय कोष तथा प्रतिष्ठित उद्योगी व्यवसायीहरूको समेत लगानी रहेको छ भने यस कम्पनीका अध्यक्षको रूपमा राजेन्द्र लाल श्रेष्ठ तथा प्रमुख कार्यकारी अधिकृतको रूपमा सबिर बादे श्रेष्ठ रहेका छन्।

सिटिजन्स क्यापिटल लिमिटेड योजना व्यवस्थापक तथा डिपोजिटरी लगानी व्यवस्थापन सेवा धितोपत्र प्रत्याभुति धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक शेयर रजिष्ट्रार सेवा र संस्थागत परामर्श सेवा जस्ता विभिन्न सेवाहरू प्रदान गर्दै आइरहेको संस्था हो।

कम्पनीले आगामी दिनहरूमा पनि पारदर्शीता, सुशासन र लगानी जोखिम व्यवस्थापनमा निरन्तर सुधार गर्दै प्रविधि तथा लगानी मैत्री सेवाहरू सँगै लगानीकर्ताहरूलाई विश्वसनीय तथा प्रतिस्पर्धी सेवाहरू प्रदान गर्दै जाने छ।

## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धि सुचना

उपरोक्त सम्बन्धमा लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, शुद्धोधन गाउँपालिका वडा नं. ४ मा तेजसु फुड एण्ड विभेरेजज उद्योग प्रा. लि. द्वारा खाद्य तथा पेय प्रदार्थ उत्पादन गर्ने उद्देश्यले तेजसु फुड एण्ड विभेरेजज उद्योग निर्माण तथा संचालन गर्न लागिएको हुँदा यससँग सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि उद्योग प्रस्ताव गरिएको क्षेत्रमा मितिः २०८२/०९/२३ गते बुधबार बिहान ९:३० बजे सरोकारवालाहरुको उपस्तिथीमा सार्वजनिक सुनुवाई कार्याक्रम हुन गइरहेको हुदाँ उपस्थीतिको ागि हार्दिक अनुरोध गर्दछु।

**आयोजक**

**तेजसु फुड एण्ड विभेरेजज उद्योग प्रा. लि.**

## काठ लिलाम बिक्री सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८२/०९/२२**

कञ्चनपुर जिल्ला शुक्लाफाँटा नगरपालिका ८ स्थित प्रगती महिला सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०८१।०८२ मा उत्पादन भई सा.व.उ.स. को घाटगद्दीमा राखिएको कुल ९४९ थानको वृक्षारोपण सिसौको परिमाण ३४७३.२४ क्यूफिट,२९ गोलिया थानको जंगली सिसौको परिमाण २८५.६१ क्यूफिट, जामुन गोलिया थान ६ को परिमाण १०३. ५६ क्यूफिट, खयर गोलिया थान २३७४ को परिमाण ४२६९.५० क्यूफिट काठ र मिश्रित दाउरा ८ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी दरभाउपत्र द्वारा विक्री गर्नु पर्ने भएकोले इच्छुक वन पैदावारमा आधारित उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन कार्यालय समय भित्र बोलपत्र खरिद गरी १६ औ दिनमा दिउँसो ठिक १.०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आहवान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीका लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। सम्पूर्ण व्यहोराको सूचना यस सा.व.उ.सको कार्यालयको सूचना पाटीमा टाँस गरिको छ।

**श्री प्रगती महिला सा. व. उ. स.**
शुक्लाफाँटा न. पा.- ८ बेल्डाँडी कञ्चनपुर
सम्पर्क नं.९७६६९८५५८२

# बालमैत्री स्थानीय शासन घोषणाको तयारी तीव्र



पाल्पा (बुटवल टुडे), २१ पुस। बालमैत्री स्थानीय शासन घोषणाका लागि रामपुर नगरपालिकाले तिव्रताका साथ काम गरिरहेको छ। यही आउँदो २०८३ साल मंसिर ५ गते बालमैत्री स्थानीय शासन घोषणा गर्नका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ।

घोषणाका लागि आवश्यक सुचक पुरा गर्नका लागि तिव्रताका साथ कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। जस अन्तर्गत नगरपालिका भित्रका सबै वडामा बाल क्लव/बाल सञ्जाल गठन तथा दर्ता गर्ने काम सकिएको छ।नगरपालिकाले १० वटै वडाका विभिन्न टोलमा १ सय १२ वटा बाल क्लव, वडा र नगर स्तरीय बाल सञ्जाल गठन गरेको छ। साथै बालबालिकाको क्षमता विकासका लागि अभिमुखीकरण समेत प्रदान गरेको छ।

सोमबार रामपुर नगरपालिका वडा नं.१० मा बाल क्लव दर्ता तथा क्षमता विकास सम्बन्धी अभिमुखिकरण सम्पन्न भएसँगै नगरका सबै वडामा बाल क्लव गठन दर्ता र अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको हो। वडा नं.१० मा १६ वटा बाल क्लवलाई दर्ता प्रमाण पत्र वितरण गरिएको छ। वडा कार्यालय भवनमा प्रमाण पत्र वितरण गर्दै वडा नं. १० का अध्यक्ष तोयानाथ सारुले वडासँगै समग्र रामपुर नगरपालिकालाई बालमैत्री स्थानीय शासन लागू भएको घोषणा गर्नका लागि बालबालिकाको प्रमुख भूमिका हुने बताए।

साथै बालबालिकाको हक अधिकार कहीं कतै हनन भएमा वा शोषणमा परेमा बाल क्लवमा आवद्ध बालबालिकाले तत्काल सूचना गरी रोक्नु पर्ने बताए। गाउँटोलमा बाल विवाह, बाल हिंसा, बाल श्रम शोषण, विद्यालय शिक्षाबाट बञ्चित भएमा वडामा खबर गर्न आग्रह गरे। वडा अध्यक्ष सारुले बालबालिकाको सुरक्षा र अधिकारको सुनिश्चितताका लागि वडा संधै प्रतिबद्ध रहेको बताए।

वडा नं.१० का सदस्य सुमित्रा बर्मेलीले बालबालिकाको सुरक्षित भविष्यका लागि वडा संधै साथमा रहेको बताए। कार्यक्रममा रामपुर नगरपालिकाका बाल कल्याण अधिकारी पुजा परियारले बाल क्लवको दर्ता प्रक्रिया, विधान निर्माण, काम कर्तव्य र अधिकार लगायतका विषयमा जानकारी गराइएको थियो। कार्यक्रममा वडा बाल सञ्जालका अध्यक्ष अनुप ओस्तीले बाल अधिकारको रक्षाका गरी बालमैत्री स्थानीय शासन घोषणाका लागि प्रतिबद्ध भएर लाग्ने बताए।

रामपुर नगरपालिका वडा नं. १० का अध्यक्ष तोयानाथ सारु थापाको अध्यक्षतामा भएको कार्यक्रम वडा सदस्य सुमित्रा बर्मेलीको स्वागत र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख एवं बाल कल्याण अधिकारी पूजा परियारका अनुसार कार्यक्रममा १६ वटा बाल क्लबका पदाधिकारीहरूको सहभागिता रहेको थियो।

## धरान उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**धरान, सुनसरी, कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८२।०९।२२**

यस कार्यालयद्वारा विभिन्न मितिमा प्रकाशित गरिएको तल उल्लेख भएको निर्माण कार्यहरूका लागि तपसिल बमोजिम ठेक्काहरूको सूचनामा उल्लेखित अन्तिम मिति भित्र पर्न आएका बोलपत्रहरूको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कन सारभूत रूपमा प्रभावग्राही बोलपत्र स्वीकृतीका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिमको प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयपत्रको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | योजनाको नाम | बोलपत्र खरिद नं. | कबोल अंङ्क भ्याट बाहेक PS सहित रु. | निर्माण व्यवसायीको नाम र ठेगाना |
|---|---|---|---|---|
| 1 | Dharan Smart Buspark including terminal building management and rental works | NCB/ Rev/06/082/83 | ९८,९१,८३८.०५ | श्री पाथिभरा कन्स्ट्रक्सन्, इटहरी ५ |
| 2 | Asphalt Concrete Road Construction work from Bishnu Chowk to Ban Dada, Dharan-11 | 11/DHARAN/ WORKS/ NCB/082/83 | ४१,०४,५०२.३० | श्री लायन कन्स्ट्रक्सन, कोशी ३ |
| 3 | Asphalt concrete road construction work from Sardu river bridge to Devi gaun, Dharan-20 | 12/DHARAN/ WORKS/ NCB/082/83 | ३९,३६,६७७.४० | श्री अन्नपूर्ण बिल्डर्स कन्स्ट्रक्सन, लालीगुराँस २ |
| 4 | Triratna Bihar R.C.C Road Construction work, Dharan-3 | 15/DHARAN/ WORKS/ SQ/082/83 | ११,०८,२२२.०० | श्री न्यू आशिष कन्स्ट्रक्सन्, धरान १२ |
| 5 | Acharya line and Gautam Path Asphalt Concrete Road Construction work, Dharan-9 | 16/DHARAN/ WORKS/ NCB/082/83 | ६४,९१,०३७.१४ | श्री माया इन्टरनेशनल बिल्डर्स प्रा. लि., धरान १२ |
| 6 | Plum Concrete wall, R.C.C bed, Gabion and cutoff wall for river protection work at Khahare Khola Belgachi Bishal Path, Dharan-9 | 19/DHARAN/ WORKS/ SQ/082/83 | १३,२५,३३९.१९ | श्री अन्तुराम कन्स्ट्रक्सन्, बुढिगंगा १ |

**प्रमुख प्रशासकीय अधिकृत**

## बिमालेख हराएको सूचना

मेरो निम्न व्यहोरा भएको बिमालेख मिति २०८२/०८/०५ गते भैरहवाबाट बुटवल तर्फ आउने क्रममा लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेड द्वारा जारी भएको बिमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय, ईन्स्योरेन्स कम्पनीको कार्यालय वा निम्न ठेगानामा बुझाई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु।

**नामः** निर्भिग्नसिंह खड्का
**ठेगानाः** सिद्धार्थनगर-८, रुपन्देही
**पोलिसी नं.:** १५००४५४६३

## बिमालेख हराएको सूचना

मेरो निम्न व्यहोरा भएको बिमालेख मिति २०८२/०८/१० गते कपिलवस्तुबाट बुटवल आउने क्रममा लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेड द्वारा जारी भएको बिमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय, ईन्स्योरेन्स कम्पनीको कार्यालय वा निम्न ठेगानामा बुझाई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु।

**नामः** दिपेन्द्र रेग्मी
**ठेगानाः** शिवराज-५, चन्द्रौटा कपिलवस्तु
**पोलिसी नम्बरः** १५००६९४११

## करहिया खानेपानी उपभोक्ता तथा सरसफाई संस्था
**तिलोत्तमा-७, जहदा, दल्का, भलवारी, रूपन्देही**

## जग्गा खरिदको सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०९/२२ गते।**

यस संस्थाको मिति २०८२/०९/१८ गते बसेको संचालक समितिको बैठक बाट निर्णय भए बमोजिम संस्थाको डिप बोरिंग स्थल ति. न. पा. ५ तुलसीपुर बुढीकोट राधा कृष्ण टोलमा तिलोत्तमा नगरपालिकाले उपलब्ध गराएको कित्ता नं. ६४ को २ कट्ठा जग्गा नजिकै साँधमा थप ८ देखि १० धुर जग्गा संस्थागत कार्य प्रयोजनको लागि खरिद गर्नु पर्ने भएको हुँदा बिक्री गर्न इच्छुक व्यक्तिले सूचना प्रकाशित भएको मिति बाट १५ दिन भित्र उल्लेखित शर्त तथा बन्देजहरूको अधीनमा रही बिक्री प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्त तथा बन्देजहरूः**

१. जग्गाधनीले पेश गरेको प्रस्तावमा जग्गाको प्रति धुर मूल्य अंक तथा अक्षरमा स्पष्ट रूपमा उल्लेख गर्नु पर्ने छ।
२. जग्गाको कित्ता नं. स्पष्ट देखिने गरी लालपुर्जाको प्रतिलिपि (जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि), नक्सा, चार किल्ला प्रमाण पत्र, जग्गाधनीको नागरिकताको प्रतिलिपि, चालु आ.व. को भूमिकर रसिदको प्रतिलिपि अनिवार्य रूपमा बिक्री प्रस्तावमा समावेश गरी पेश गर्नुपर्नेछ।
३. संस्थागत जग्गाधनीको हकमा अख्तियारी प्राप्त व्यक्तिलाई प्रदान गरिएको अख्तियारीनामा कागजात समेत पेश गर्नुपर्नेछ।
४. प्रस्तावित जग्गाको सम्बन्धमा कुनै पनि विवाद, मुद्दा मामिला नरहेको हुनुपर्नेछ। सोको स्वःघोषणा समेत पेश गर्नुपर्नेछ। साथै कुनै पनि प्रकारले बैंक तथा वित्तीय संस्था वा अन्य निकायमा धितो / जमानतको रूपमा रोक्का रहेको भए सो सम्बन्धी सम्पूर्ण विवरण पेश गर्नुपर्नेछ।
५. इच्छुक व्यक्ति बाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र सिलबन्दी बिक्री प्रस्ताव पेश गर्नुपर्नेछ। एक हप्ताभित्र सिलबन्दी प्रस्तावको नतिजा संस्थाको सचिवालयमा खोलिनेछ। बिक्री प्रस्ताव पेश गर्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट या त्यसपछि लाग्ने कार्यदिन कार्यालय समयभित्र प्रस्ताव पेश गर्न अन्तिम दिन मानिनेछ। प्राप्त विक्री प्रस्ताव अन्तिम दिनको भोलिपल्ट संस्थाको कार्यालयमा खोलिनेछ।
६. प्रस्तावित जग्गा सिलबन्दी बोलपत्र पेश गर्दा खाममा "**करहिया खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको लागि जग्गा बिक्री प्रस्ताव**" उल्लेख गरी देहाय बमोजिमको ठेगानामा पेश गर्नुपर्नेछ।
करहिया खानेपानी उपभोक्ता तथा सरसफाई संस्था कार्यालयः तिलोत्तमा नगरपालिका, वडा नं. ७ जहदा दल्का भलवारी, रूपन्देही सम्पर्क नं.: ०७१-५६०६९९, ९८५७०७६२९९
७. प्रस्तावित जग्गा खरिदको प्रकृया अगाडी बढाउने, नबढाउने या स्थगन गर्ने सम्बन्धि सम्पूर्ण अधिकार करहिया खानेपानी संस्थामा निहित रहनेछ।

## अनुसुचि १५
## दफा ३३ को उपदफा (२) सँग सम्बन्धित

## काठ/दाउराको बोलपत्रद्वारा लिलाम विक्रिको सुचना

**पहिलो पटक सुचना प्रकाशित मितिः २०८२/०९/२२ गते**

पिपरा कोठी महिला सेवा सामुदायिक वन उपभोक्ता समुह वा. न.पा. २ पिपरा, कपिलवस्तुको वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दी भएको साल तथा अन्य जातको गोलिया १६०७ थानको ९०३५.७१ क्यू फिट काठ र दाउरा ३३ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। डिभिजन वन कार्यालयमा सुचिकृत भएका इच्छुक वन पैदावारमा आधारित उद्योगले यो प्रथम पटक सुचना प्रकाशित गरेको मितिले २१ दिनभित्रमा सिलबन्दी बोलपत्र खरिद गरी २२ दिनको १२ बजेसम्ममा गोप्य सिलवन्दी बोलपत्र दाखिला गर्न आवाह्न गरिन्छायस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सुचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सूचना पार्टीमा टाँस गरिएको छ।

**सम्पर्क नं ९७०८७५६७७५**

**श्री पिपरा कोठी महिला सेवा सामुदायिक वन उपभोक्ता समुह, वा. न. पा.-२ पिपरा कपिलवस्तु**

## श्री बुद्ध आदर्श माध्यमिक विद्यालय, लुम्बिनी साँस्कृतिक नगरपालिका-१, रूपन्देही

## आवश्यकता

**सूचना प्रकाशति मितिः २०८२।०९।२२**

उपरोक्त सम्बन्धमा लु. सा. न. पा. को च. न. १५१७, २०४८ मिति २०८२-०८-११, २०८२-०९-१८ गतेको प्राप्त अनुमति पत्र तथा वि. व्य. स. को मिति २०८२-०९-२० गतेको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको मा. वि. विषय अंग्रेजीको स्वीकृत दरबन्दी र विद्यालय सहायक कर्मचारीको अस्थायी करार पदपूर्तिको लागि तपसिलका योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ।

| विज्ञापन नं. | पद संख्या | तह | विषय | निवेदन दस्तुर | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| ०१ | ०१ | मा. वि. | अंग्रेजी | रु. १५००।- | स्नातक वा सो सरह |
| ०२ | ०१ | सहायक कर्मचारी | | रु..८००।- | कक्षा १२ उत्तीर्ण वा सोरह कम्प्यूटर सम्पान्ही ०१ (एक) वर्षको तालिम प्राप्त |

२. **उमेरः** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
३. **तलबः** प्रचलित स्कूल वमोजिम।
४. **परीक्षाको किसिमः** लिखित र मौखिक (आवश्यक परेमा प्रयोगात्मक)।
५. **निवेदन दिने मितिः** २०८२-०९-२ गते देखि २०८२-१०-०६ गते कार्यालय समय भित्र।
६. **सम्पर्क मितिः** २०८२-१०-०७ गते दिउँसो २:०० बजे।
७. **परीक्षा मितिः** सम्पर्क मितिष्को दिन तोकिने छ।
८. उम्मेदवारले हस्तलिखित निवेदन साथ नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र सहायक कर्मचारीको हकमा कम्प्युटर सम्बन्धि तालिमको प्रमाणपत्र, शिक्षकको हकमा अध्ययन, अनुमतिपत्र र निरोगिता प्रमाणपत्रको प्रतिलिपि थान २ (दुई) पेश गर्नुपर्नेछ।
९. योग्यताको सक्कल प्रमाणपत्र अन्तरवार्तामा अनिवार्य पेश गर्नुपर्नेछ।
१०. **सम्पर्क नं.** ९८५७०२४७९३ (अध्यक्ष वि. व्य. स.) ९८१४४९२४९४ (प्र. अ.) ९८०५४९१८९१ (स. प्र. अ.) **प्रधानाध्यापक**